©उमेश काफ्ले

# शिक्षक सेवा आयोग

## माध्यमिक तह खुल्ला प्रतियोगितात्मक परीक्षाको नमुना प्रश्नहरु

**मिति : २०८२।०१।२६ गते** **SET 1** **पूर्णाङ्क : १००**

**विषय : नेपाली** **समय : ३ घण्टा**

### खण्ड (क) : ५० अंक

१. वर्णको परिचय दिई स्वर वर्ण र व्यञ्जन वर्णको विशेषता लेख्नुहोस्। २+४+४=१०

२. पदक्रमको परिचय र प्रकार उल्लेख गरी आलङ्कारिक पदक्रमयुक्त पाँचओटा वाक्य लेख्नुहोस् । उक्त वाक्यलाई व्याकरणिक पदक्रममा परिवर्तन गर्ने तरिका उल्लेख गर्नुहोस् । २+२+२.५+३.५=१०

३. व्यावहारिक लेखन र प्रयोजनपरक लेखनको परिचय लेखी यिनीहरूको औचित्य प्रस्ट पार्नुहोस्। ४+६=१०

४. सस्वर, मौन र द्रुतपठनको तुलना गर्दै बोधात्मक सिप विकासमा यिनीहरूको भूमिका प्रस्ट पार्नुहोस्। ६+४=१०

५. बहुबौद्धिकता भनेको के हो, नेपाली भाषाको सहजीकरणका सन्दर्भमा यसको प्रयोग क्षेत्र पहिचान गरी वर्णन गर्नुहोस्। ४+६=१०

### खण्ड (ख) : ५० अंक

६. नेपाली भाषामा वर्णविन्यासको मानकीकरणका लागि भएका प्रयास लेखी आफ्नो मत प्रस्तुत गर्नुहोस्। ७+३=१०

७. शब्दालङ्कार र अर्थालङ्कारको परिचय दिई यी दुईको भिन्नता देखाउनुहोस्। २+२+६=१०

८. भाषिक मूल्याङ्कनका सन्दर्भमा अक्षराङ्कन पद्धतिको परिचय र उपयोगिता प्रस्ट पार्दै यसको प्रयोगमा देखिएका समस्याको सूची बनाउनुहोस् । २+४+४=१०

९. पठन संस्कृतिको आवश्यकता लेखी यसको विकासका लागि विद्यालयले अपनाउन सक्ने उपाय लेख्नुहोस् । ५+५=१०

१०. शोधप्रस्तावको परिचय लेखी यसका लागि लेखन क्षमतासम्बद्ध शोध शीर्षक, उद्देश्य र विधि उल्लेख गर्नुहोस्। ३+१+३+३=१०

गुरुमन्त्र एकेडमी
सफलताको एक मात्र मन्त्र

**समाप्त**

**सफलताको सुभकामना**

**नोट : यो प्रश्नपत्रको पृष्ठपोषण कक्षा बैशाख २७ गते शनिबार बेलुका ठिक ७ बजे बाट हुनेछ ।**

**Zoom Meeting ID : 9861534895** **Password : gurumantra**

**१. वर्णको परिचय दिई स्वर वर्ण र व्यञ्जन वर्णको विशेषता लेख्नुहोस्।** **(२+४+४)**

भाषाको न्यूनतम अर्थभेदक ध्वनिलाई वर्ण भनिन्छ। यसमा ध्वनिको उच्चारणगत र अर्थगत भिन्नतालाई मुख्य मानिन्छ। लघुतम युग्मको आधारमा वर्णको निर्धारण गरिन्छ।

**वर्ण भन्नाले**

(क) अर्थमा भिन्नता सिर्जना गर्ने ध्वनि

(ख) भाषिक सोपानक्रमका आधारमा ध्वनिभन्दा माथिल्लो र रूपभन्दा तल्लो एकाइ

(ग) भाषिक विशेषताको आधारमा निर्धारण

(घ) सीमित वर्णले भाषाको असीमित ध्वनिहरूलाई प्रतिनिधित्व

**स्वर वर्ण**

श्वासप्रवाहमा कुनै किसिमको बाधा र घर्षण नभई स्वतन्त्र रूपमा उच्चारण हुने ध्वनिलाई स्वर वर्ण भनिन्छ। स्वर वर्णका विशेषतालाई यसरी चिनाइन्छ :

(क) श्वासप्रवाहमा बाधा नहुने

(ख) लामो समयसम्म उच्चारण हुन सक्ने

(ग) आक्षरिक प्रकृतिको हुने

(घ) बढी श्रवणीय हुने

(ङ) स्वतन्त्र रूपमा उच्चारण हुने

(च) मौखिक र घोषत्वको गुण हुने

(छ) नेपाली भाषामा अर्थभेदक स्वर वर्ण ६ ओटा रहेका : अ, आ, इ, उ, ए, ओ

(ज) स्वर वर्णमा मूल स्वर(अ,आ...) र द्विस्वर ऐ(अइ), औ(अउ) को विशेषता रहने

**व्यञ्जन वर्ण**

श्वासप्रवाहमा कुनै न कुनै किसिमको बाधा र घर्षण भई उच्चारण हुने ध्वनिलाई व्यञ्जन वर्ण भनिन्छ। नेपाली भाषामा अर्थभेदक व्यञ्जन वर्ण क, ख, ग, घ, ङ, च, छ, ज, झ ट, ठ, ड, ढ, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, स, ह गरी २९ ओटा छन्। व्यञ्जन वर्णका विशेषतालाई यसरी चिनाउन सकिन्छ :

(क) श्वासप्रवाहमा बाधा हुने

(ख) लामो समयसम्म उच्चारण हुन नसक्ने

(ग) अनाक्षरिक प्रकृतिको हुने

(घ) कम श्रवणीय हुने

(ङ) स्वतन्त्र रूपमा उच्चारण हुन नसक्ने

(च) मौखिक र नासिक्य गुण हुने

(छ) सक्रिय र निष्क्रिय उत्पादक अङ्गको भूमिका हुने

(ज) व्यञ्जन वर्णलाई उच्चारण स्थान, प्रयत्न, घोषत्व र प्राणत्वको आधारमा विभाजन गरिने।

*भाषाको ध्वन्यात्मक विशेषतालाई पहिचान गर्दै त्यसको लिपि स्वरूप पहिचान र विकासमा स्वर र व्यञ्जन वर्णको महत्त्वपूर्ण भूमिका रहन्छ।*

गुरुमन्त्र एकेडेमी सफलताको एक मात्र मन्त्र

**२. पदक्रमको परिचय र प्रकार उल्लेख गरी आलङ्कारिक पदक्रमयुक्त पाँचओटा वाक्य लेख्नुहोस् । उक्त वाक्यलाई व्याकरणिक पदक्रममा परिवर्तन गर्ने तरिका उल्लेख गर्नुहोस् । (२+२+२.५+३.५)**

पदहरूको निश्चित रखाइ वा क्रमलाई पदक्रम भनिन्छ। वाक्यात्मक संरचना निर्माणका

दृष्टिले पदक्रमको मुख्य भूमिका रहन्छ। पदक्रमलाई निम्नानुसार चिनाइन्छ :

(क) अर्थ वा कार्यका आधारमा पदहरुको पूर्वापर क्रम र सम्बन्ध मिलाउने व्याकरणिक स्वरुप

(ख) पदहरूको भूमिकाका आधारमा स्थान निर्धारण हुने अवस्था

(ग) वाक्यका संरचक घटक निर्माणको आधार

(घ) पदसङ्गति, शासन र कारकीय भूमिका आधारमा पनि पदक्रम निर्धारण।

**पदक्रमको प्रकार**

पदक्रमलाई निम्न दुई प्रकारमा विभाजन गरिन्छ :

**(क) व्याकरणिक पदक्रम :** व्याकरणिक नियम वा अनुशासनमा आधारित पदक्रमलाई व्याकरणिक पदक्रम भनिन्छ। शुद्ध वा स्तरयुक्त प्रयोगसँग सम्बन्धित भएकाले यसलाई मानक पदक्रम वा सामान्य पदक्रम पनि भन्ने गरिन्छ। नेपाली भाषामा प्रचलित पदक्रमलाई पदसमूह/पदावली तहमा र वाक्य तहमा विभाजन गरिन्छ।

**जस्तै** : एकदमै राम्रो विचार। (क्रियाविशेषण ं विशेषण ंविशेष्य )

सार्थकले स्वीकृतिलाई उपहार दियो। उद्देश्य ंकर्म(अप्रत्यक्ष) ं कर्म(प्रत्यक्ष) ं क्रिया

**(ख) आलङ्कारिक पदक्रमयुक्त :** पदक्रम प्रयोगमा विचलन आएको संरचनालाई आलङ्कारिक पदक्रम भनिन्छ। साहित्यिक रचनामा यस्तो पदक्रमको उपयोग गरिन्छ। जस्तै : हिंड्छ ऊ बिस्तारै। (क्रियापद ं उद्देश्यं क्रियाविशेषण)

**आलङ्कारिक पदक्रमयुक्त पाँचओटा वाक्य**

(क) स्वार्थी हुन् यी दुनियाका।

(ख) रहेनन् गङ्गाधर सात दिनको ज्वरोले।

(ग) बिच बाटोमा भेटिन्छन् अनगिन्ती सपनाहरू।

(घ) श्यामलले हँसायो सबितालाई बिस्तारै।

(ङ) आगो खाएर म शान्ति ओकल्छु।

**आलङ्कारिक पदक्रमयुक्त वाक्यलाई व्याकरणिक पदक्रममा परिवर्तन गर्ने तरिका**

१. आलङ्कारिक पदक्रमयुक्त वाक्यको प्रयोग गरी त्यसको संरचना पक्षमा छलफल गर्ने

२. आलङ्कारिक पदक्रमयुक्त वाक्यलाई व्याकरणिक पदक्रममा परिवर्तन गरिएका केही उदाहरण प्रस्तुत गर्ने

३. व्याकरणिक र आलङ्कारिक पदक्रमयुक्त वाक्यहरु दिई तिनलाई पहिचान गर्न लगाउने

४. उदाहरणका आधारमा आलङ्कारिक पदक्रमयुक्त वाक्यलाई व्याकरणिक पदक्रममा परिवर्तन गर्न लगाउने

५. विद्यार्थीलाई पाठमा भएका यस्ता प्रकृतिका वाक्य पहिचान गर्न लगाउने

६. विद्यार्थीलाई दुई समूहमा विभाजन गरी एक समूहलाई आलङ्कारिक पदक्रमयुक्त वाक्य भन्न लगाउने र अर्को समूहलाई व्याकरणिक पदक्रममा परिवर्तन गर्न लगाउने।

७. विद्यार्थीमा पदक्रमको स्पष्ट धारणा विकास भएपछि लिखित रुपमा आलङ्कारिक पदक्रमयुक्त अनुच्छेद निर्माण गर्न लगाई व्याकरणिक पदक्रममा परिवर्तन गर्न प्रोत्साहन गर्ने ।

*भाषिक शुद्धता र मानक प्रयोगमा व्याकरणिक पदक्रमको मुख्य भूमिका रहन्छ भने काव्यात्मक वा भावात्मक अभिव्यक्तिमा आलङ्कारिक पदक्रमको प्रयोग अपेक्षित छ । यसर्थ पदक्रमको शिक्षण गर्दा भाषिक प्रयोग र व्यवहारलाई आधार मानी उदाहरणकेन्द्रित तरिका अपनाउनु उपयुक्त हुन्छ।*

**३. व्यावहारिक लेखन र प्रयोजनपरक लेखनको परिचय लेखी यिनीहरूको औचित्य प्रस्ट पार्नुहोस्। (४+६)**

व्यक्तिमा भएका कुनै भाव, सन्देश, सूचना, विचार, धारणा आदिलाई लिपि चिह्नद्वारा अभिव्यक्त गर्नुलाई लेखन भनिन्छ। लेखनलाई प्रकटनात्मक सिप मानिन्छ। यो विषय प्रकृति र प्रयोजनका आधारमा विविधतायुक्त हुन सक्छ। विद्यालय तहमा शिक्षणीय अपेक्षाअनकूल लेखनका विभिन्न प्रकारलाई उपयोग गर्न सकिन्छ।

**व्यावहारिक लेखन भन्नाले**

१. व्यावहारिक जीवनमा लिखित भाषाका माध्यमबाट कार्य सम्पादन गरिने लेखन

२. सामान्य लेनदेन, खर्चको विवरण, टेलिफोन मोबाइलको सूचना, सामान्य प्रकृतिका सार्वजनिक सूचनाहरू यसको उदाहरण

३. व्यक्तिगत प्रयासबाट लेखिने भए पनि सबै व्यक्तिका लागि यस्तो लेखनको व्यवस्थित प्रयास आवश्यक

४. निर्धारित संरचनामा वैयक्तिक, पारिवारिक र सामाजिक व्यवहारले अपेक्षा गरे अनुसारका लेखनकार्यमा जोड

**प्रयोजनपरक लेखन भन्नाले**

१. विविध विषय क्षेत्रमा प्रयोग गरिने शब्द, पदावली र वाक्य गठनलाई कुशलतापूर्वक संगठन गरिएको लेखन

२. कृषि, शिक्षा, राजनीति, स्वास्थ्य, प्रशासन, वाणिज्य, खेलकुद, दर्शन, संस्कृति, समाज, प्रकृति, पर्यटन आदि क्षेत्रमा प्रयोग गरिने शब्दावलीहरूको पहिचान गर्दै तयार गरिने लेखन

३. विषय क्षेत्रका आधारमा लेखनमा विविधता रहने विशिष्ट प्रकृतिको लेखन

४. विषय क्षेत्रका आधारमा शब्दभण्डार, पदावली, संरचना, व्याकरण र शैलीमा फरकपना

गुरुमन्त्र एकेडेमी
सफलताको एक मात्र मन्त्र

**व्यावहारिक लेखनको औचित्य**

१. दैनिक व्यवहारमा उपयोग हुने कुराको लेख्य प्रमाण तयार गर्न

२. व्यावहारिक प्रकृतिका लेखनको समस्या समाधान गर्न

३. सामाजिक सम्प्रेषण कायम गर्न

४. प्रायोगिक लेखनमा अभ्यस्त गराउन

५. दैनिक व्यवहारका पक्षलाई औपचारिक बनाउन

६. निर्धारित विषयवस्तुमा केन्द्रित भई लेखन क्षमताको विकास गर्न।

**प्रयोजनपरक लेखनको औचित्य**

१. भाषाको विषयगत भेदसँग परिचित हुन

२. प्रयोजनअनुकूल रचना तयार गर्न

३. पारिभाषिक र प्राविधिक शब्दावलीको उचित प्रयोग गर्न

४. विषय क्षेत्रका संरचना पहिचान गरी लेख्न अभ्यास गर्न

५. बौद्धिक लेखन शैलीको विकास गर्न

६. विषयगत विविधतालाई ख्याल गरी उपयुक्त व्याकरण र शैली प्रयोग गर्न।

*लेखनको प्रारम्भिक अभ्यासका लागि व्यावहारिक लेखन उपयुक्त हुन्छ भने विषयगत क्षेत्रअनुकूलको लेखनका लागि प्रयोजनपरक लेखन प्रभावकारी हुन्छ। ज्ञानको दायरा फराकिलो बनाउन विद्यार्थीको तह र क्षमताअनुसार दुवै प्रकृतिका लेखनलाई उपयोग गर्न सकिन्छ।*

**४. सस्वर, मौन र द्रुतपठनको तुलना गर्दै बोधात्मक सिप विकासमा यिनीहरूको भूमिका प्रस्ट पार्नुहोस्। (६+४)**

लिखित, मुद्रित वा विद्युतीय सामग्रीमा अभिव्यक्त भाव, विचार, आशय, सूचना, धारणा आदिलाई बुझ्ने गरी पढ्नुलाई पढाइ सिप भनिन्छ।

**समानता**

१. भाषाको बोध वा ग्रहण क्षमतासँग सम्बन्धित

२. लिपिबद्ध सामग्रीमा आधारित

३. लिखित सामग्री पढेर त्यसको भाव ग्रहण गर्न सक्ने क्षमताको अपेक्षा

४. मस्तिष्कको समान सक्रियता

**असमानता**

| **सस्वरपठन** | **मौनपठन** | **द्रुतपठन** |
|---|---|---|
| १.आवाज निकालेर बुझ्ने गरी पढ्नुलाई सस्वरपठन भनिने | १. आवाज ननिकाली बुझ्ने गरी पढ्नुलाई मौनपठन भनिने | १. छिटो छिटो बुझ्ने गरी पढ्नुलाई द्रुतपठन भनिने |
| २. वाचन मुद्रा र वाचन शैली मुख्य हुने | २. आन्तरिक पठन मुख्य हुने | २.आन्तरिक पठनको तीव्र गति नै मुख्य हुने |
| ३. उच्चारण शुद्धतालाई ख्याल गरिने | ३. उच्चारण शुद्धताको भय नहुने | ३.भाषिक शुद्धतामा कम ख्याल गरिने |
| ४. आरोह अवरोहको भूमिका हुने | ४. आँखा र मस्तिष्कको भूमिका हुने | ४. सतही बोधको भूमिका बढी हुने |
| ५. भाषेतर पक्षको संलग्नता | ५. भाषिक पक्षको मात्र संलग्नता | ५. भाषिक पक्षको मात्र संलग्नता |

| | | |
|---|---|---|
| ६. शारीरिक थकान हुन सक्ने | ६. शारीरिक थकान नहुने | ६. एकाग्रतासहित शीघ्र पठनको कारण शारीरिक थकान नहुने |

**सिप विकासमा सस्वरपठन, मौनपठन र द्रुतपठनको भूमिका**

१. पढाइका आधारमा अन्य तीन (सुनाइ, बोलाइ र लेखाइ) सिपको विकास गर्न

२. शब्द भण्डार क्षमताको विकास गर्न

३. भाषा, शैली, संरचना र व्याकरणात्मक क्षमताको विकास गर्न

४. प्रभावकारी पठनबोधका माध्यमबाट मौखिक र लिखित अभिव्यक्तिमा सुधार ल्याउन

५. विद्यार्थीमा बौद्धिक क्षमताको विकास गर्न

६. साहित्यिक तथा साहित्येतर कृतिको आस्वादनबाट मानसिक सन्तुष्टि प्राप्त गर्न

७. उच्चारणगत र वर्णविन्यासगत शुद्धता कायम गर्न

८. बोधात्मक क्षमताको विकास गर्न।

*यसर्थ पढाइ सिपको विकास गर्नाका लागि सस्वरपठन, मौनपठन र द्रुतपठनको मुख्य भूमिका हुने भए पनि पठन सन्दर्भ र औचित्यको आधारमा यी पठनको उपयोगको सम्भावना रहन्छ।*

**५. बहुबौद्धिकता भनेको के हो, नेपाली भाषाको सहजीकरणका सन्दर्भमा यसको प्रयोग क्षेत्र पहिचान गरी वर्णन गर्नुहोस्। (४+६)**

बहुबौद्धिकता विद्यार्थीको संज्ञानात्मक सामर्थ्यसँग सम्बन्धित छ । व्यक्तिमा अन्तर्निहित प्रतिभा, वैचारिकता, चिन्तनशीलता तथा मानसिक दक्षतालाई बौद्धिकता भनिन्छ। एउटै व्यक्तिसँग यस्ता प्रकृतिका धेरै गुण हुन सक्ने स्थितिलाई बहुबौद्धिकताको रूपमा लिइन्छ। बहुबौद्धिकतालाई निम्नानुसार चिनाउन सकिन्छ :

१. संज्ञानात्मक मनोविज्ञानबाट प्रभावित भई गार्डनरद्वारा प्रतिपादित सिद्धान्त

२. प्रत्येक विद्यार्थीमा फरक फरक बुद्धि रहने मान्यता

३. प्रत्येक व्यक्ति आफैमा प्रतिभाशाली हुने दृष्टिकोण

४. सबैको एकै क्षेत्रमा समान क्षमता नहुन सक्ने

५. विद्यार्थीमा रहेका प्रतिभालाई आधार मानिने

६. विद्यार्थीका सिकाइ क्षमता र रुचिका आधारमा कार्यकलापमा विविधता ल्याउने मान्यता

७. साङ्गीतिक, दृश्यात्मक, भाषावैज्ञानिक, तार्किक, शारीरिक, गतिबोधक, अन्तरवैयक्तिक र आन्तरिक आदि सिद्धान्त पर्ने

८. व्यक्ति भित्रैका क्षमतालाई मुख्य आधार मानिने मान्यता।

गुरुमन्त्र एकेडेमी

नेपाली भाषाका सहजीकरणका लागि बहुबौद्धिकतालाई निम्न क्षेत्रमा प्रयोग गर्न सकिन्छ :

**(क) भाषिक व्यवहार** : बहुबौद्धिकताले भाषिक गतिविधि, सम्प्रेषणात्मक ज्ञान र भाषाको सार्थक प्रयोगबाट आफ्नो बौद्धिकता विकास हुने दृष्टिकोण राखेकाले यस पक्षलाई भाषा शिक्षणका सन्दर्भमा प्रयोग गर्न सकिन्छ। भाषाका चारओटै सिपका लागि यस सिद्धान्तलाई प्रयोग गर्न सकिन्छ।

**(ख) तार्किक वा गणितीय पद्धतिको अवलम्बन** : विद्यार्थीका ज्ञान र बोधलाई आधार मानी विभिन्न विषय क्षेत्रमा तर्कमा आधारित प्रश्नोत्तर गराउन सकिन्छ। यसले विद्यार्थीका भाषिक ज्ञानका साथसाथै तर्क क्षमतामा पनि विकास हुन्छ। व्याकरणको सूत्रबद्ध शिक्षणका लागि पनि यसले सहयोग गर्दछ।

**(ग) श्रव्यदृश्य सामग्रीका आधारमा शिक्षण** : बहुबौद्धिकताले दृश्यीकरणमा प्राथमिकता दिने हुँदा श्रव्य दृश्य सामग्रीका आधारमा विधागत पाठहरूका साथसाथै अन्य क्षेत्रमा अभ्यास गराउन सकिन्छ। दृश्यात्मक बौद्धिकताले चित्र वर्णन, चित्रात्मक वा रेखात्मक प्रतिरूप आदिलाई मुख्य आधार मान्दछ।

**(घ) शारीरिक गतिबोधलाई आधार** : भाषा कला पनि भएकाले शरीरको चाल नियन्त्रण र प्रयोग पक्षसँग पनि सम्बन्धित छ। अभिनयात्मक विधा अर्थात् नाटक विधाको शिक्षण लागि यसले सहयोग गर्दछ।

**(ङ) सङ्गीत र गेयात्मक विधा** : बहुबौद्धिकताले सङ्गीतप्रति रुचि हुने विद्यार्थीलाई सङ्गीतबद्ध सामग्रीबाट शिक्षण गर्न जोड दिन्छ। गाउन मिल्ने विधालाई र विद्यार्थीको रुचि अनुकूलका सङ्गीत संयोजन गरी कठिन प्रकृतिका विषय क्षेत्रलाई पनि यस पद्धतिबाट शिक्षण गर्न सकिन्छ।

**(च) अन्तरवैयक्तिक र आन्तरिक क्षमताको विचार** : साथी समूहको वैयक्तिक क्षमतालाई बुझेर सहकार्यकलाप गराउन उपयोगी हुन्छ। सहभागितात्मक अन्तर्क्रिया सञ्चालन गरी शिक्षण गर्न सकिन्छ। भाषिक दृष्टिले सीमान्तकृत समूहका लागि यस्तो सहजीकरण उपयोगी हुन्छ। व्यक्तिको खास क्षमता वा कार्यपद्धतिलाई नै आधार मानी शिक्षण गर्नु उपयुक्त हुन्छ।

*यसर्थ विद्यार्थीमा रहेका फरक फरक क्षमतालाई आधार मानी उनीहरूमा जुन क्षमता छ, त्यसैलाई केन्द्रबिन्दु मानी भाषा शिक्षण गर्न सके प्रभावकारी हुने देखिन्छ।*

गुरुमन्त्र एकेडेमी सफलताको एक मात्र मन्त्र

## ६. नेपाली भाषामा वर्णविन्यासको मानकीकरणका लागि भएका प्रयास लेखी आफ्नो मत प्रस्तुत गर्नुहोस् । (७+३)

वर्णविन्यासमा देखिने विविधता वा अनेकतालाई मानक वा सर्वस्वीकार्य बनाउने प्रक्रियालाई मानकीकरण भनिन्छ । वर्णविन्यासमा देखिने समस्याको समाधानका लागि व्यक्तिगत वा संस्थागत रूपमा मानकीकरणको प्रयास हुँदै आएको छ । वर्णहरूको मानक, शुद्ध र सर्वस्वीकार्य छनोट र प्रयोगको स्थिति नै वर्णविन्यासको मानकीकरणको रूपमा लिइन्छ । नेपाली भाषाको वर्णविन्यासको मानकीकरणका लागि भएको प्रयासलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

### (क) पहिलो चरण (१९५८–१९९०)

नेपाली वर्णविन्यासको मानकीकरणको आधिकारिक र पहिलो प्रयास वि.सं. १९५८ मा गोरखापत्र प्रकाशनलाई मानिन्छ । वीरेन्द्र केशरी अर्ज्याललें सुन्दरीः पत्रिकामा (१९६३) मा बेसरीः भन्ने लेख प्रकाशन गरी बोलचालको भाषाका नियमबाट व्याकरण बनाउनुपर्ने धारणा राखेका थिए । त्यस्तैगरी वि.सं. १९६५ मा राममणि आ.दी.ले माधवीः पत्रिकामार्फत चलाएका हलन्त बहिष्कारः आन्दोलनले पनि वर्णविन्यासको मानकीकरणमा सहयोग पुऱ्याएको छ ।

### (ख) दोस्रो चरण (१९९१–२०३९)

नेपाली भाषा प्रकाशिनी समितिमार्फत नेपाली कसरी शुद्ध लेख्ने ?ः (नेकशुले १९९१ ले) भन्ने एउटा पुस्तिका तयार गरी यसमा ह्रस्व दीर्घसम्बन्धी नियमको चर्चा गरिएको थियो । सोमनाथ शर्म्मा सिग्द्यालको मध्यचन्द्रिकाः (१९७६) मा पनि वर्णविन्याससम्बन्धी नियमले वर्णविन्यासको मानकीकरणमा सहयोग पुऱ्याएको छ । नेपाली वर्णविन्यासको सुधारमा झर्रोवादी आन्दोलनः (२०१३) को उल्लेखनीय भूमिका रहेको छ । यस्तैगरी हर्षनाथ शर्माको नेपाली शब्दशुद्धिः (२०१६), महानन्द सापकोटाले चलाएका जनजिब्रो लेखनः (२०२१) र तारानाथ शर्मा, बालकृष्ण पोखरेल र नगेन्द्र शर्माले चलाएका लिपि सुधार अभियानः (२०२१) ले पनि वर्णविन्यासको मानकीकरणमा सहयोग पुगेको छ । त्रिभुवन विश्वविद्यालयले अनिवार्य नेपाली शिक्षण निर्देशनः (२०३४/३५) तयार गरेपछि नेपाली वर्णविन्यासको शुद्धताको लागि सहयोग पुगेको छ ।

### (ग) तेस्रो चरण (२०४०–हालसम्म)

२०४० सालमा तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट नेपाली बृहत् शब्दकोशः प्रकाशन भएपछि वर्णविन्यास प्रयोगमा एकरूपता सिर्जना भएको भएको छ । माध्यमिक पाठ्यक्रमअनुसार तयार पारिएको पाठ्यपुस्तक (२०५६) मा २०४० कै शब्दकोशलाई आधार मानी वर्णविन्यास प्रयोग थियो । *अनिवार्य नेपाली शिक्षण निर्देशिका* (२०६६) र कक्षा ११ को *सबैको नेपाली* (२०६६) मा क्षतिपूर्ति दीर्घीभवन नियमको समाप्ति, संयुक्त वर्णको प्रयोग न्यूनीकरण र पदयोग–पदवियोगमा लचकता अपनाएको थियो । नेपाली वर्णविन्याससम्बन्धी चन्द्रगढी घोषणापत्रः (२०६६), नेपाल प्रज्ञा प्रतिष्ठानमा २०६७ पुस २६, २७ र २८ को भाषा गोष्ठी र पाठ्यक्रम विकास केन्द्रले मानक पाठ्यपुस्तक लेखनमा हिज्जेको एकरूपता (२०६८) आदि गोष्ठी र छलफलले पनि प्रचलित नियमलाई जोड दिने प्रयास गरेको थियो तर सबैको नेपाली र विद्यालय तहमा प्रयोग गरिएका वर्णविन्यासलाई सञ्चार क्षेत्रलगायत सबैले स्विकारेको थिएनन् । संयुक्त व्यञ्जनलाई टुक्र्याएर लेख्ने, पदयोग र वियोग र क्षतिपूर्ति नियमका विषयलाई लिएर २०७२ को शब्दकोश विवादित भई २०७५ मा पुनर्मुद्रण गर्दै २०७९ पुनः संशोधन भई प्रकाशित भएको छ । यिनै विविध प्रयासबाट नेपाली वर्णविन्यास मानकीकरण हुँदै आएको छ ।

**वर्णविन्यासको मानकीकरणमा भएका प्रयास र विवादका सम्बन्धमा मत**

(क) प्राज्ञिक बहसका आधारमा मात्र वर्णविन्यासको प्रयोगमा परिवर्तन गर्नुपर्ने

(ख) क्षतिपूर्ति दीर्घीभवनका विषयमा स्पष्ट धारणा रहनुपर्ने

(ग) पदयोग र पदवियोगको विवादलाई निश्चित आधारमा टुङ्ग्याउनुपर्ने

(घ) संयुक्त वर्णको प्रयोगमा एकरूपता सिर्जना गर्नुपर्ने

(ङ) आगन्तुक शब्दको प्रयोगमा नेपालीपन अपनाउनुपर्ने

(च) भाषाको प्रयोगमा वैयक्तिकभन्दा संस्थागत मान्यतालाई आत्मसात् गर्नुपर्ने ।

*नेपाली भाषाको श्रीवृद्धि गर्दै वर्णविन्यासको मानकीकरणका लागि वेला वेलामा व्यक्तिगत वा संस्थागत प्रयासहरू हुँदै आए पनि त्यसको प्रयोगमा एकरूपता प्राप्त गर्न नसकेकाले मानक, शुद्ध र सर्वस्वीकार्य प्रयोगमा सबैको ध्यान जानुपर्ने देखिन्छ ।*

**७. शब्दालङ्कार र अर्थालङ्कारको परिचय दिई यी दुईको भिन्नता देखाउनुहोस् । (२+२+६)**

पूर्वीय काव्य सिद्धान्तको कलावादी मान्यताको रूपमा अलङ्गारलाई लिइन्छ । काव्यको सौन्दर्य, शोभा वा चमत्कार नै अलङ्गार हो । पाठक वा भावकलाई कुतूहल वा अचम्मित पार्दै चमत्कार सिर्जना गरी काव्यमा सौन्दर्य स्थापित गर्ने मान्यता नै अलङ्कार हो । अलङ्गारवादका प्रारम्भकर्ता भामह हुन् । उनले काव्यालङ्कार ग्रन्थमा अलङ्गारसम्बन्धी मान्यता अगाडि सारेका छन् ।

**शब्दालङ्कार भन्नाले**

१. शब्दको विशेष प्रयोगद्वारा उत्पन्न काव्य सौन्दर्यलाई शब्दालङ्कार भनिने

२. यो शब्द सजावटमा नै निर्भर हुने

३. अक्षर वा शब्दको विविध प्रयोग, वर्ण र त्यसको उच्चारणगत समानता र भिन्नताको संयोजन, शब्द वा वाक्यको पुनरावृत्तिमूलक प्रयोगबाट शब्दालङ्कार सिर्जना हुने

४. यस्तो अलङ्कारमा समानार्थी शब्दको प्रयोग गर्न नसकिने

५. शब्दालङ्कारमा अनुप्रास, यमक, श्लेष र वक्रोक्ति पर्ने ।

जस्तै : खरिकोटको खरेलले खरबारीमा खरायो खुत्रुक्क खसाल्यो ।

**अर्थालङ्कार भन्नाले**

१. अर्थको चमत्कारपूर्ण प्रयोगबाट उत्पन्न हुने काव्य सौन्दर्यलाई अर्थालङ्कार

२. भावगत सजावटमा केन्द्रित हुने

३. तुलनायोग्य विषयवस्तुमा बढी प्राथमिकता

४. यो अर्थमा केन्द्रित रहने हुनाले पर्यायवाची शब्दको प्रयोगबाट सौन्दर्यमा हानी नपुग्ने

५. अर्थालङ्कारमा उपमा, रूपक, अतिशयोक्ति, उत्प्रेक्षा आदि पर्ने ।

जस्तै : उसका दाँत अनारका दाना जस्तै मिलेका छन् ।

**शब्दालङ्कार र अर्थालङ्कारमा भिन्नता**

| अर्थालङ्कार | अर्थालङ्कार |
|---|---|
| १. शब्दको विशेष प्रयोगमा आधारित | १. अर्थको विशेष प्रयोगमा आधारित |
| २ वर्ण, अक्षर आदिको पुनरावृत्तिबाट उत्पन्न | २. तुलना वा उमेय उपमानबाट सिर्जित |
| ३ एकअर्थी र बहुअर्थी शब्दको उचित प्रयोग | ३. व्यक्ति, सन्दर्भ वा भावअनुकूलको अर्थ प्रयोग |
| ४. मूर्त प्रकृतिको | ४. अमूर्त प्रकृतिको |
| ५. शाब्दिक उपयोगको मुख्य भूमिका | ५. विषय वा सन्दर्भको मुख्य भूमिका |
| ६. तुलनीयता वा सादृश्य गुण कम रहने | ६. तुलनीयता वा सादृश्य गुण बढी रहने |

*भाव र विषय प्रकृतिका आधारमा स्रष्टाले शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग गरी उत्कृष्ट साहित्य रचना गर्न सक्दछन् ।*

**८. भाषिक मूल्याङ्कनका सन्दर्भमा अक्षराङ्कन पद्धतिको परिचय र उपयोगिता प्रस्ट पार्दै यसको प्रयोगमा देखिएका समस्याको सूची बनाउनुहोस् । (२+४+४)**

विद्यार्थीका भाषिक उपलब्धिलाई निश्चित ग्रेडमा निर्धारित गरी अक्षरका आधारमा व्याख्या गर्ने ढाँचालाई अक्षराङ्कन पद्धति भनिन्छ । विद्यार्थीका भाषिक सिप, बोध र अभिव्यक्ति, शब्दभण्डार, भाषिक शुद्धता जस्ता पक्षलाई समग्रमा ग्रेडिङ गरी मूल्याङ्कन गर्न सकिन्छ।

**अक्षराङ्कन पद्धतिको परिचय**

(क) तोकिएको भाषिक सक्षमताको मूल्याङ्कनपश्चात् विद्यार्थीले हासिल गर्ने भाषिक सिकाइ उपलब्धि र स्तरलाई अक्षरमा व्याख्या

(ख) विद्यार्थीको सिकाइ सक्षमतालाई यथारूपमा प्रमाणीकरण गर्ने पद्धति

(ग) विद्यार्थी मूल्याङ्कनको स्तरीकरणलाई अङ्कमा प्रस्तुत

(घ) पूर्व निर्धारित मानकका आधारमा विद्यार्थीका भाषिक उपलब्धिहरूको वर्गीकरण

**अक्षराङ्कन पद्धतिको उपयोगिता**

१. विद्यार्थीका उपलब्धिको मापनबाट प्राप्त अङ्कलाई खास अन्तरालको आधारमा शाब्दिक व्याख्या गर्न

२. विद्यार्थीका सिकाइ सक्षमतालाई यथारूपमा प्रमाणीकरण गर्न

३. विद्यार्थीलाई आन्तरिक रूपमा उत्प्रेरित गर्न

४. शिक्षण सिकाइ र उपलब्धिलाई गुणात्मक बनाउन

५. उत्तीर्ण र अनुत्तीर्णको भयबाट मुक्त भई माथिल्लो ग्रेडमा जान प्रोत्साहन गर्न

६. विद्यार्थीले सहज किसिमले आफ्ना स्थिति पहिचान गर्न

७. अस्वस्थ प्रतिस्पर्धा कम गर्न

८. भाषिक सक्षमताको विविधतालाई ठिकसँग छुट्याउन

**अक्षराङ्कन पद्धतिको प्रयोगमा देखिएका समस्या**

१. वास्तविक अङ्कन हुन नसक्नु

२. तह र संस्थाअनुसार ग्रेडिङमा अस्वाभाविक विविधता रहनु

३. औसत व्याख्याको आधारमा नतिजाको अति सामान्यीकरण गरिनु

४. उच्चतमा अङ्क ल्याउने विद्यार्थीलाई थप हौसला दिन समस्या हुनु

५. थोरै मिहिनेतबाट पनि सफल हुन सकिन्छ भन्ने गलत धारणाको विकास हुनु

६. उपलब्धिको वास्तविकता सम्प्रेषणमा कठिनाइ हुनु

७. वैयक्तिक विविधतालाई पूर्ण पालना गर्न नसक्नु

८. प्रश्नपत्र निर्माण, प्रयोग र परीक्षणमा एकरूपता कायम गर्न नसक्नु।

*विद्यार्थीको स्तर पहिचानमा मात्र नभई सिकाइ दक्षतामा केन्द्रित भई मूल्याङ्कन गर्न सके यसको प्रयोगमा देखिएका समस्या समाधान भई प्रभावकारी अङ्कन व्यवस्था लागु हुन सक्ने निश्चित छ।*

**९. पठन संस्कृतिको आवश्यकता लेखी यसको विकासका लागि विद्यालयले अपनाउन सक्ने उपाय लेख्नुहोस् । (५+५)**

पढ्ने काम वा अध्ययनलाई पठन भनिन्छ भने संस्कार, रहनसहन, आचार व्यवहार आदिलाई संस्कृति भनिन्छ। आफू बाँचेको समाज तथा राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेश अनुकूलका विविध सामग्री पढी आ नो ज्ञान, विवेक, व्यवहार तथा समग्र पक्षको विकास गर्ने संस्कारलाई पठन संस्कृति भनिन्छ। अन्तर्विषयक स्व निर्देशित अध्ययन परम्परा नै पठन संस्कृति हो। यसले प्राप्त ज्ञानको अद्यावधिक गर्न सहयोग पुऱ्याउँछ।

**पठन संस्कृतिको आवश्यकता**

१. पढ्ने बानीको निरन्तरता दिन

२. अध्ययनीय विषयवस्तुमा गहिरो ज्ञान हासिल गर्न

३. आवश्यकता अनुसारको ज्ञान वृद्धि गर्न

४. तार्किक विश्लेषण क्षमताको विकास गर्न

५. प्राप्त ज्ञानलाई व्यवहारमा उतार्न

६. अन्तर्विषयक ज्ञानको विस्तार गर्न

७. व्यक्तिको सर्वाङ्गीण विकास गर्न

८. बहुबौद्धिकताको विकास गर्न

९. अनौपचारिक र जीवनोपयोगी ज्ञान प्राप्त गर्न

१०. समाज सापेक्ष अगाडि बढ्न।

गुरुमन्त्र एकेडमी
सफलताको एक मात्र मन्त्र

**पठन संस्कृतिको विकासमा विद्यालयले अपनाउन सक्ने उपाय**

- अभिभावकलाई आफ्ना सन्ततिका लागि पाठ्यपुस्तक बाहेकको पठन पनि आवश्यक छ भन्ने धारणा विकास गराउने
- उपहार र पुरस्कार दिँदा पुस्तकहरू प्रयोग गर्ने
- पुस्तकालयको स्थापना गरी सही व्यवस्थापन गर्ने
- विद्यालय वा समाजमा नियमित अन्तर्क्रिया र छलफल राख्ने
- विद्यालयले अतिरिक्त पुस्तकको व्यवस्था गर्ने
- लेखकसँग साक्षात्कार गराउने
- विद्यार्थीलाई निरन्तर पढ्ने बानीको विकास गराउने
- खुला पठन प्रतियोगिता सञ्चालन गर्ने
- पठन संस्कृतिका लागि प्रबर्धनात्मक कार्यहरू गर्ने
- पुस्तक मेला प्रदर्शनी (सकेसम्म विद्यालयमा)राख्ने
- पुस्तक नीतिलाई उपयुक्त किसिमले लागु गर्ने ।

*विद्यालयले विद्यार्थीलाई नियमित खोजपूर्ण पढ्ने बानीको विकास गराउन सकेमा उसको व्यक्तित्व विकासका साथै आफूलाई आवश्यक पर्ने ज्ञानको भण्डारण गर्न सक्ने हुन्छन् ।*

**१०. शोधप्रस्तावको परिचय लेखी यसका लागि लेखन क्षमतासम्बद्ध शोध शीर्षक, उद्देश्य र विधि उल्लेख गर्नुहोस् ।**

**(३+१+३+३)**

अनुसन्धान गर्नु पूर्व त्यसका समग्र प्रक्रियालाई उल्लेख गरी तयार गरिएको रूपरेखालाई शोधप्रस्ताव भनिन्छ । यही शोधप्रस्तावको आधारमा शोधलाई पूरा गरिने कारण यसलाई महत्त्वपूर्ण मानिन्छ ।

**शोधप्रस्ताव भन्नाले**

(क) अनुसन्धान गर्नुभन्दा पहिले तयार पारिने अध्ययनको रूपरेखालाई नै अनुसन्धान प्रस्ताव भनिने

(ख) शोधप्रस्तावमा खास शीर्षक लिएर त्यसको उद्देश्यसहित के–कसरी अनुसन्धान सुसम्पन्न गर्ने भनेर प्रारम्भिक रूपरेखा प्रस्तुत गरिने

(ग) अनुसन्धेय विषयको बारेमा पूर्वनिर्धारित योजनाको व्यवस्थित संयोजन हुने कारण यसलाई अनुसन्धानको नक्सा मान्न सकिने

(घ) प्राज्ञिक समस्या र त्यसको समाधानमा केन्द्रित योजना

(ङ) अनुसन्धानको विधि, औचित्य र त्यसको स्पष्ट रूपरेखा तयार गरिने

(च) अनुसन्धानको समस्या र जिज्ञासाको नजिक पुगी समाधानका लागि पर्याप्त पूर्वकार्य गरिने

**लेखन सम्बद्ध शोध शीर्षक**

कक्षा आठमा अध्ययनरत विद्यार्थीको अनुच्छेद लेखन क्षमता

**उद्देश्य**

(क) दोलखा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु

(ख) विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु

(ग) लैङ्गिक दृष्टिले अनुच्छेद लेखन क्षमताको तुलना गर्नु ।

**शोधविधि**

**(क) अध्ययन ढाँचा** : तथ्यलाई सङ्ख्यात्मक र शाब्दिक रुपमा लिइने कारण यसको अध्ययन ढाँचा मिश्रित प्रकृतिको हुने

**(ख) जनसङ्ख्या तथा प्रतिनिधि नमुना** : शैक्षिक सत्र २०८२ मा दोलखा जिल्लाको कक्षा आठमा पढ्ने सम्पूर्ण विद्यार्थीलाई जनसङ्ख्या मानी त्यसबाट १०० जनालाई नमुनाको रुपमा लिइने

**(ग) सामग्री वा उपकरण निर्माण** : दुई ओटा शीर्षकमा अनुच्छेद लेखन गराइने

**(घ) पूर्वपरीक्षण** : दुई ओटा शीर्षक अनुच्छेद १० प्रतिशत विद्यार्थीमा प्रयोग गरिने

**(ङ) सामग्री / उपकरणको परिष्कार** : पूर्व परीक्षणमा आएका सुझावलाई आधार मानी कुनै एक शीर्षकलाई उपयोग गरिने

**(च) तथ्य सङ्कलन** : विद्यार्थीलाई पूर्व सूचना दिई निश्चित समय तोकी अनुच्छेद लेखन गराइने

**(छ) सामग्रीको व्याख्या विश्लेषण** : तथ्य सङ्कलनपछि मध्यमान, मानक विचलन, प्रतिशत आदिका आधारमा तथ्यको व्याख्या विश्लेषण गरिने

*अनुसन्धानलाई परिणाममुखी बनाउनका लागि किटान गरिएको शोध शीर्षक, उद्देश्य र विधिको मुख्य भूमिका रहन्छ।*

गुरुमन्त्र एकेडमी
सफलताको एक मात्र मन्त्र

**सफलताको शुभकामना**